**कीर्तिपुर नगरपालिका**

**नगरकार्यपालिकाको कार्यालय**

## रोजगार संयोजक करारमा लिने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०७६।०९।२४**

यस कीर्तिपुर नगरपालिका,नगरकार्यपालिका कार्यालयको लागिरोजगार संयोजक पद(छैंठौ तह) मा **रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्थी मापदण्ड,२०७६** अनुसार पदपूर्ति गर्नुपर्ने भएकोले ईच्छुक, तपशिल बमोजिम योग्यता पुगेका उम्मेदवारहरूलाई प्रथम पटक प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनको कार्यालय समयभित्र दरखास्त पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन ।

- क) योग्यता : नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको ।
- ख) उमेरः २०७६ माघ ९ गतेसम्म २१ बर्ष पुरा भै ४५ बर्ष ननाघेको
- ग) छनौटका आधार : सूचिकरण, लिखित (सेवा सम्बन्धी), कम्प्युटर सम्वन्धी परीक्षा र अन्तरवार्ता
- घ) पाठ्यक्रमः- रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्थी मापदण्ड,२०७६ को दफा ९ बमोजिम
- ङ) सेवा शर्त सुबिधा : छैठौं तह ले पाउने सुरु तलब स्केल बराबरको तलब, स्थानीय भत्ता, पोशाक भत्ता, र चाडपर्व खर्च (श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले तोके बमोजिम)
- च) दरखास्त दस्तुर : रु. १०००/- (एक हजार)
- छ) दरखास्त फाराम बुझाउँने अन्तिम म्यादः मिति २०७ ६।१०।०९ गते बिहिबार कार्यालय समयसम्म हुनेछ ।
- ज) दरखास्त दिने अन्तिम दिन सम्ममममा दर्ता हुन आएका आवेदकहरुको सूचीकरण भै सूचिकरणमा पर्न सफल उम्मेदवारहरुको लिखित (सेवा सम्बन्धी), कम्प्युटर सम्वन्धी परीक्षाको मिति तोकिनेछ ।
- झ) संलग्न हुनुपर्ने कागजातहरूः नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी, न्युनतम शैक्षिक योग्यताको प्रतिलिपी
- ञ) दरखास्त फारम रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्थी मापदण्ड,२०७६ को अनुसूची १ बमोजिम हुनेछ र फाराम कार्यालयको Website, http://kirtipurmun.gov.np/बाट डाउनलोड गर्न वा कार्यालयबाट प्राप्त गर्न सकिने छ ।
- ट) यस सम्वन्धी अन्य कुराहरु रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्थी मापदण्ड,२०७६ मा तोकिए बमोजिम हुनेछ ।
- ठ) अन्य थप विस्तृत जानकारिका लागि कीर्तिपुर नगरपालिकाको सम्पर्क नं. ०१४३३१६९३, ०१४३३१८०५ वा ईमेल ict.munkirtipur@gmail.com मा सम्पर्क गर्न सकिनेछ ।

कीर्तिपुर नगरपालिका